अनुसूची २

(बुँदा ४.१ सँग सम्बन्धित आवेदनको ढाँचा)

# दुहवी नगरपालिकाको कार्यालय

## दुहवी, सुनसरी

### स्वास्थ्य सेवा प्राविधिक पदका लागि करार सेवामा दरखास्त अह्वान गरिएको सूचना

**प्रकाशित मिति : २०७७।०२।१३**

यस दुहवी नगरपालिकाको लागि दुहवी आधारभुत स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुमा रहने गरी स्वास्थ्य सेवा प्राविधिक पदमा देहायको सँख्या र योग्यता भएको प्राविधिक कर्मचारीहरु करारमा राख्नु पर्ने भएकाले मिति २०७७।०२।०९ गतेको प्राविधिक कर्मचारी व्यवस्थापन गर्न अन्तर्वाता तथा सूचिकरण समितिको निर्णय अनुसार आवश्यक निम्न तपसिलको पदमा खुल्ला छनौट विधिद्वारा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वात कसूर नलागेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको ३:०० बजे सम्म राजस्व तिरेको रसिद र तपसिल वमोजिमको कागजात सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. विज्ञापन नं. र पद संख्या

| सि. न. | विज्ञापन नं. | पद | तह | सेवा / समुह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७६/७७ | हेल्थ असिस्टेण्ट | सहायक पाँचौ | हेल्थ इन्सपेक्सन | ७ | प्रविणता प्रमाणपत्र तह जेनेरल मेडिसिनि वा सो सरह |
| २ | ०२/०७६/७७ | अ.न.मी. | सहायक चौथौ | पव्लिक हेल्थ नर्सिङ्ग | ६ | १८ महिने अ.न.मी. वा सो सरह तालिम प्राप्त |
| ३ | ०३/०७६/७७ | कार्यालय सहयोगी | प्रथम | श्रेणी विहिन | ४ | साधारण लेख पढ गर्न सक्ने |

२. सेवाको किसिम : करार सेवा

३. दुहवी नगरपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने

४. पासपोर्ट साइजको फोटो ३ प्रति

५. नेपाली नागरिकताको प्रमाण पत्रको छायाँ कपी

६. क) नेपाल स्वास्थ्य काउन्सिलमा दर्ता भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
   ख) अनुभवी र स्थानीय वासीलाई विशेष प्राथमिकता दिइने छ ।

७. स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभव

८. तलव सुविधा तथा अन्य सेवा शर्त : यस कार्यालय सँग भएको सम्झौता अनुसार ।

९. उम्मेदवारको उमेर दरखास्तको अन्तिम मिति सम्ममा क) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र का.स. को हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

१०. उम्मेदवारको छनौट विधि : लिखित र प्रत्यक्ष अन्तरवार्ता ।

८. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान : दुहवी नगरपालिकाको कार्यालयमा

९. परीक्षा दस्तुर रु. ६००। (छ सय)

१०. दरखास्त फारम भर्ने मिति २०७७।०२।१३ देखी २०७७।०२।२७ सम्म

११. परीक्षा दस्तुर बुझाउने प्रकृया : दुहवी नगरपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार दुहवी नगरपालिकालाई हुनेछ ।

१३. स्थायी पदपुर्ति भइ आएमा यस विज्ञापन वाट लिएका करार सेवाको पद स्वात समाप्त हुनेछ ।

१४. रित नपुगेको तोकिएको आवश्यक न्यनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्नेछ ।

१५. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्वन्धमा दुहवी नगरपालिकाको स्वास्थ्य शाखाको मो.नं. ९८४२५८४७४९, ९८४२८२०२५० मा सम्पर्क गर्नु हुन ।

बिनोद कुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत